# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, वैशाख १ गते २०४२ साल (अतिरिक्ताङ्क १ (घ)

## भाग ३

### श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको सूचना

नेपाल इन्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (दोस्रो संशोधन) नियमहरू २०४२

नेपाल इन्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल इन्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (दोस्रो संशोधन) नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू, २०४२ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. नेपाल इन्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा नियमहरू, २०३३ को नियम २ मा संशोधनः नेपाल इन्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) "श्रेणी वा श्रेणीको तह" भन्नाले यी नियमबमोजिम गरिएको सेवाको श्रेणी वा श्रेणीको तह सम्झनुपर्छ"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को,–

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः–

"सेवाको श्रेणी वा श्रेणीको तह, समूह र पद"

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छ :–

"(१क) सेवाको प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तह रहनेछन् :–

(क) प्रथम श्रेणी :–

(१) अतिरिक्त सचिव वा सो सरह

(२) सह-सचिव वा सो सरह

(ख) द्वितीय श्रेणी :–

(१) उप-सचिव वा सो सरह

(२) सहायक सचिव वा सो सरह ।"

(३) उप-निमम (४) लाई हटाई देहायको उप-नियम (४) र (४क) राखिएको छः–

"(४) सेवाको विभिन्न श्रेणी र श्रेणीको तहमा रहने पदको नामहरू अनुसूची १ क मा तोकिएबमोजिम हुनेछ ।

(४क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १क मा आवश्यक थपघट गर्न सक्नेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) सेवा अन्तर्गतको समूह वा उप-समूहमा रिक्त भएको पदको पूर्ति देहायबमोजिम हुनेछः–

(क) विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका अतिरिक्त सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ख) प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पद रिक्त भएमा सह-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ग) प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा उप-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा सहायक सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(ङ) द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,

(च) तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटुट सेवा गरेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।"

(२) उप-नियम (२) मा रहेको "खण्ड (क), (ख) र (ग) बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी, प्रथम श्रेणी वा द्वितीय श्रेणीको" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग), (घ) र (ङ) बमोजिम" भन्ने शब्दहरू राखिएको छ ।

(३) उप-नियम (२) पछि देहायको उप-नियम (२क) थपिएको छः–

"(२क) उप-नियम (१) खण्ड (क) र (ख) बमोजिम पद पूर्ति गर्दा सेवा अन्तर्गतको जुनसुकै समूह, उप-समूहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गर्नसकिनेछ ।"

(४) उप-नियम (३) मा रहेको "खण्ड (घ)" भन्ने शब्दको सट्टा "खण्ड (च)" भन्ने शब्द राखिएको छ ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उप-नियम (६) पछि देहायको उप-नियम (७) थपिएको छः–

"(७) बढुवाको प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १ क

(नियम ३(४) संग सम्बन्धित)

१. सचिव सरह (राजपत्राङ्कित विशिष्ट श्रेणी)

कार्यकारी सचिव

समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

२. (क) अतिरिक्त सचिव सरहका पदहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

कन्सल्टिङ्ग वैज्ञानिक अधिकृत

सिनियर सुपरिन्टेन्डिङ्ग इन्जिनीयर

समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

(ख) सह-सचिव सरहका पदहरू (राजपत्राङ्कित प्रथम श्रेणी)

चीफ इन्जिनीयर

महानिर्देशक

उप-महानिर्देशक

क्षेत्रीय निर्देशक

सुपरिन्टेन्डिङ्ग जियोलजिष्ट

सुपरिन्टेन्डिङ्ग इन्जिनीयर

सुपरिन्टेन्डिङ्ग प्लानर

सुपरिन्टेन्डिङ्ग आर्किटेक्ट

सुपरिन्टेन्डिङ्ग केमिष्ट

सुपरिन्टेन्डिङ्ग हाइड्रोलजिष्ट

सुपरिन्टेन्डिङ्ग जियो हाइड्रोलजिष्ट

सुपरिन्टेन्डिङ्ग माइनिङ्ग इन्जिनीयर

उच्च वैज्ञानिक अधिकृत

सुपरिन्टेन्डेन्ट रिसर्च अफिसर

निर्देशक

कार्यकारी निर्देशक

समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

३. (क) उप-सचिव सरहका पदहरू (राजपत्राङ्कित द्वितीय श्रेणी)

सिनियर डिभिजनल इन्जिनीयर

सिनियर डिभिजनल प्लानर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

सिनियर डिभिजनल आर्किटेक्ट
सिनियर डिभिजनल जियोलजिष्ट
सिनियर डिभिजनल माइनिङ्ग जियोलजिष्ट
सिनियर डिभिजनल मिनरल इन्जिनीयर
सिनियर डिभिजनल सिस्मोलजिष्ट
सिनियर डिभिजनल माइनिङ्ग इन्जिनीयर
सिनियर डिभिजनल जियोलजिष्ट
सिनियर डिभिजनल जियो हाइड्रोलजिष्ट
सिनियर डिभिजनल जियो केमिष्ट
सिनियर डिभिजनल जियो फिजिष्ट
सिनियर डिभिजनल केमिष्ट
सिनियर डिभिजनल केमिकल इञ्जिनीयर
सिनियर डिभिजनल मेटिरियोलजिष्ट
सिनियर डिभिजनल हाइड्रोलजिष्ट
प्रमुख अपरेसन्स अफिसर
प्रमुख एयर ट्राफिक कन्ट्रोलर अफिसर
प्रमुख टेक्निकल अफिसर
सिनियर डिभिजनल मेटिरियोलजिष्ट
सिनियर डिभिजनल मेकानिकल इञ्जिनीयर
सिनियर डिभिजनल इन्डष्ट्रियल इञ्जिनीयर
प्रमुख एयर क्वोनेल सुपरिन्टेन्डेन्ट
प्रमुख कम्यूनिकेशन्स अफिसर
प्रमुख एरोनटिकल इन्फरमेसन्स सर्भिसेज अफिसर
वरिष्ठ निरीक्षक
वैज्ञानिक अधिकृत
खाद्य अनुसन्धान अधिकृत
प्रमुख नापी अधिकृत
प्रमुख संरक्षणविद्
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सहायक सचिव सरह (राजपत्राङ्कित द्वितीय श्रेणी)

सहायक निर्देशक
डिभिजनल इञ्जिनीयर
डिभिजनल प्लानर
डिभिजनल आर्किटेक्ट
वरिष्ठ नापी अधिकृत
डिभिजनल जियोलजिष्ट
डिभिजनल माईनिङ्ग जियोलजिष्ट
डिभिजनल मिनरल इञ्जिनीयर
डिभिजनल सिस्मोलजिष्ट
डिभिजनल माइनिङ्ग इञ्जिनीयर
डिभिजनल मिनरलजिष्ट
डिभिजनल जियो हाईड्रोलजिष्ट
डिभिजनल जियो केमिष्ट
डिभिजनल जियो फिजिष्ट
उप-वैज्ञानिक अधिकृत
उप-खाद्य अनुसन्धान अधिकृत
डिभिजनल केमिष्ट
डिभिजनल केमिकल इञ्जिनीयर
डिभिजनल मेटिरियोलजिष्ट
वरिष्ठ अपरेशन अफिसर
वरिष्ठ एयर ट्राफिक कन्ट्रोलर अफिसर
वरिष्ठ टेक्निकल अफिसर
वरिष्ठ एयर वर्दिनेश सुपरिन्टेन्डेन्ट
डेपुटी एरोड्रम अफिसर
वरिष्ठ कम्यूनिकेशन्स अफिसर
वरिष्ठ एरोनटिकल इन्फरमेशन सर्भिसेज अफिसर
डिभिजनल इन्डष्ट्रियल इञ्जिनीयर
डिभिजनल मेकानिकल इञ्जिनीयर
निरीक्षक
वरिष्ठ नापी अधिकृत
प्रधानाचार्य
वरिष्ठ संरक्षणविद्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६

समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

४. शाखा अधिकृत सरह (रा प. तृतीय श्रेणी)

असिष्टेन्ट इञ्जिनीयर
माइनिङ्ग इञ्जिनीयर
मेटार्लजिष्ट
केमिकल इञ्जिनीयर
प्लानर
आर्किटेक्ट
नापी अधिकृत
जियोलजिष्ट
केमिष्ट
रिसर्च अधिकृत
टेक्निसियन
मिनरलजिष्ट
हाइड्रोलजिष्ट
जियो-केमिष्ट
माइनिङ्ग जियोलजिष्ट
सिस्मोलजिष्ट
जियो-हाइड्रोलजिष्ट
सहायक खाद्य अनुसन्धान अधिकृत
सहायक वैज्ञानिक अधिकृत
वाटर केमिष्ट
वायो केमिष्ट
स्वायल केमिष्ट
निरीक्षक
सहायक विधिविज्ञ
सहायक माटो रसायनिक अधिकृत
माइन्स इन्स्पेक्टर
फोटोग्रामेटिष्ट
सिनियर ड्राफम्यान
प्रमुख कम्प्युटर
ड्रिग प्रमुख
सहायक वेदशाला प्रमुख
ए.टी.सी. सुपरभाइजर
ए.टी.सी. अधिकृत
इलेक्ट्रिकल इन्जिनीयर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेट्रोलजिष्ट
मेटिरियोलजिष्ट
रेडियो सोण्डे ईन्जिनीयर
कम्यूनिकेशन अपरेशन सुपरिन्टेन्डेन्ट
ए.टी.सी. सुपरिन्टेन्डेन्ट
एयर वर्डिनेश सुपरभाईजर
ए.आई.एस. सुपरभाईजर
लाइट अपरेशन सुपरभाईजर
आई.सी.ए.ओ. अफयर्स सुपरभाईजर
एग्रमेन्ट तथा लाईट क्लियरेन्स सुपरभाईजर
असिष्टेन्ट कम्यूनिकेशन अफिसर
असिष्टेन्ट टेक्निकल अफिसर
ए.टी.सी. अफिसर
रेडियो इन्जिनीयर
अपरेशन अफिसर
ए.आई.एस. अफिसर
एरोनटिकल इन्जिनीयर
फ्लाईट अपरेशन सुपरिन्टेन्डेन्ट
मेकानिकल इन्जिनीयर
इन्डष्ट्रियल इन्जिनीयर
सहायक टेक्निकल हेड
रसानिक अधिकृत
अनुसन्धान अधिकृत
घरेलु उद्योग निरीक्षक
विद्युत् अधिकृत
मेकानिकल अधिकृत
प्राविधिक अधिकृत
कारखाना निरीक्षक
समय समयमा श्री ५ को सरकारले तोकेको अन्य पदनामहरू

आज्ञाले,
बिमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।